

युग पाठक

# गणतन्त्र व्यवस्थापनको समस्या

'गणतन्त्र आएर खै के भो र ?' यस्ता टिप्पणीहरू यदाकदा सुन्न पाइन्छ। मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र घोषित भएको दुई वर्ष पुग्न लागेको छ। अहिले मुलुकमा कुनै श्रीपेचधारी राजा छैन। संघीय र लोकतान्त्रिक विशेषताहरूसहितको पूर्ण गणतन्त्र त नयाँ संविधानले रेखांकन गरेपछि मात्र बन्नेछ, तथापि संक्रमणकालीन गणतन्त्र हामी भोगिरहेका छौं। गणतन्त्र स्थापनाले समाजको अर्थराजनीतिक, सामाजिक एवं सांस्कृतिक चरित्रमा आधारभूत परिवर्तन ल्याएको छ वा छैन ? लेखाजोखा गर्नैपर्ने प्रश्न बनेको छ।

उदाहरणार्थ मोबाइल फोनको बारेमा यही प्रश्न सोधौं। मोबाइल आएर खै के भो त ? अनेक विकृतिहरू बढे, क्याबिनेटदेखि कक्षाकोठासम्म समस्या ल्यायो, युवायुवतीलाई पथ विचलित गरायो इत्यादि। तर के मोबाइल फोनले जनजीवनमा क्रान्तिकारी परिवर्तन ल्याएन ? मोबाइलरहित जीवनको कल्पना अब गर्न सकिन्छ ? केही विकृतिका अलावा जसरी मोबाइल नयाँ जीवनको अंग बन्यो, हाम्रो संक्रमणकालीन गणतन्त्रले पनि केही विकृतिसहित फराकिलो, सुसंस्कृत र स्वतन्त्र जीवनका निम्ति जग निर्माण गर्दै छ। तर स्वीकार गर्नैपर्ने तथ्य के पनि हो भने संक्रमणकालीन गणतन्त्रको उचित व्यवस्थापन हुनसकेको छैन। यहाँ द्वन्द्ववादलाई सम्झनुपर्छ। द्वन्द्ववादले भन्छ, हरेक नयाँ वस्तु वा प्रक्रियाभित्र पुरानोको अंश अनिवार्य रूपमा हुन्छ, त्यसलाई स्वीकार मात्र होइन आत्मसात् गरेरै नयाँ वस्तु वा प्रक्रियाले पूर्ण विकासको बाटो पहिल्याउनुपर्छ। पुरानोको विरासतमा टेकेरै नयाँ बन्छ।

विश्व इतिहासमा गणतन्त्रले राजतन्त्रात्मक सामन्ती राज्यव्यवस्था, समाजव्यवस्था, सांस्कृतिक परम्परा र आर्थिक सम्बन्धहरूको अन्त्य, तथा प्रगतिशील एवं जनपक्षीय व्यवस्थाहरूद्वारा त्यसको प्रतिस्थापन प्रक्रिया सुदृढ गरेको छ। नेपालमा अन्यथा हुने प्रश्नै उठ्दैन। नेपालमा गणतन्त्रको नारा पञ्चायतविरोधी आन्दोलनकै बेलादेखि उठेको हो। हुकुम प्रमांगीको जमानामा उठेको गणतन्त्रको नादले राजनीतिक तहमा संवैधानिक राजतन्त्रसम्म पुगेर विश्राम लियो। ०४६ सालको आन्दोलनको त्यो परिघटनाले कांग्रेस र एमालेका नेताहरूको एउटा तप्का विकास गर्‍यो तर गणतन्त्रप्रेमी राजनीतिक चेतना विकास भइसकेको जनताको नेतृत्व गर्न काठमाडौं छिरेको ठोस अर्थराजनीतिक रणनीतिविहीन त्यो तप्का छिट्टै स्खलित भयो। बीचबाट जन्मेको माओवादी जनयुद्धले स्खलनको त्यो प्रक्रियालाई तीव्र किन बनाइदियो भने उनीहरू संवैधानिक राजतन्त्रको सीमाभित्रै कैद भइसकेका थिए। उदारवादी राजनीतिक सारतत्त्व बोकेको बहुदलीय शासनकालमा तीव्र विकास भएको सूचनासञ्चार एवं सामाजिक एवं सांस्कृतिक परिवर्तनको अन्डरकरेन्ट छिट्टै सामन्ती राज्यसत्ताविरुद्ध व्यापक लाभा जम्मा गर्न सफल भइसकेको थियो।

त्यही लाभा जनयुद्धको ऊर्जा बन्यो। औपचारिक रूपमा गणतन्त्रको घोषणा हुनुअगावै जनयुद्धले गाउँबाट सामन्ती सत्ता समाप्त पारिसकेको थियो। जनयुद्धले फौजी हमलामार्फत सामन्ती सैन्यतन्त्रलाई ध्वस्त पारिदिएको थियो, जसको परिणामस्वरूप आजको संक्रमणकालीन गणतन्त्रमा सेनाको लोकतान्त्रीकरणको मुद्दा पेचिलो बन्न पुगेको छ। जनयुद्धको राजनीतिले संघीय गणतन्त्रको रेखांकन गरेको थियो भने बहुआयामिक सांस्कृतिक परिवर्तन एवं सामाजिक व्यवस्थामा गुणात्मक फड्को सुनिश्चित गरेको थियो। परम्परागत वर्णशंकर समाज व्यवस्था ध्वस्त पारेर जनयुद्धले सबै सीमान्तकृत जाति, जनजाति, दलित, मधेसी एवं महिलाहरूको अधिकारलाई समानुपातिक प्रतिनिधित्वसम्म ल्याइपुर्‍याएको छ। छद्म बहुलवादको नाममा बहुपार्टी खिचातानी सुनिश्चित गरेको बहुदलीय शासनकालमा यी तमाम परिवर्तनहरू कल्पनातीत मात्रै थिए।

गणतन्त्रले ल्याएको उभारयुक्त परिवर्तनको प्रक्रियालाई बुझ्न भूस्वामित्वको सामान्य अवलोकनले पुष्टि गरिदिन्छ। अहिले पनि तराईका अधिकांश भूभागमा दरबारिया नातेदार एवं सेनाका जर्नेलहरूका जिम्दारीका कथाहरू मिथक भइसकेका छैनन्। जनयुद्धकालमा माओवादीले जब जिम्दारी र मौजाहरू कब्जा गर्न थाल्यो, अधिकांश ठूला क्षेत्रफलका जमिनहरू रातारात बेचबिखन हुन थाले। कैयौं जमिनहरू माओवादीले किसानलाई बाँडिदियो, अरू कैयौं जमिन बेचेर काठमाडौंबाट बेलाबखत जाडो छल्न र सिकार गर्न तराई झर्ने खान्दानी एलिटवर्ग तराई झर्नै छाड्यो। ती र त्यस्तै कब्जा गरिएका जग्गा फिर्ता हुनुपर्ने माग अहिलेसम्म कांग्रेस र एमालेका नवधनाढ्य नेताहरू गरिरहन्छन्। माओवादी शान्ति प्रक्रियामा आएपछि कैयौं त्यस्ता जमिनबाट माओवादी झन्डा हटाइयो र जे जति किसानलाई बाँडिएका थिएनन्, धमाधम दलालहरूले प्लटिङ गरेर बेच्न थाले। जग्गाको कारोबार अकस्मात बढ्नुको पछाडि संक्रमणकालीन गणतन्त्रको अर्थराजनीतिक विशेषताले काम गरेको छ।




गणतन्त्र व्यवस्थापनमा पुराना अनुहारका स्खलित नेतृत्व समस्या बनेका छन्।

गणतन्त्र घोषणा भइसकेपछि संविधानसभाको सबैभन्दा ठूलो दल माओवादीको नेतृत्वमा पहिलो गणतान्त्रिक सरकार बन्नु जति स्वाभाविक थियो, डा. बाबुरामले प्रक्षेपण गरेको राजस्व असुलीमा रेकर्डब्रेक सफलता हासिल हुनु पनि उत्तिकै स्वाभाविक थियो। नेपाली अर्थतन्त्रमा पुँजीवादी विशेषताहरूको व्यापक प्रयोग संवैधानिक राजतन्त्रात्मक शासनकालमा भएको थियो। अर्थतन्त्रमा पुँजीवादी रुझान हुँदाहुँदै पनि अर्थतन्त्रको लगाम मूलतः सामन्तवादी राज्यसत्ताको हातमा भएको त्यो अवधिमा कुलिन वर्गको राजनीतिक एवं आर्थिक सुरक्षा पनि राजतन्त्रले नै गरेको थियो। तर जनयुद्ध हुँदै गणतन्त्रसम्म आइपुग्दा त्यो वर्गले आफ्नो सुरक्षा गुमायो। सुटुक्क मौजा बेचिसकेको, कालोधन व्यवस्थापन गरिसकेको एलिटवर्गका निम्ति माओवादी नेतृत्वको सरकार स्वतः खतराको चिह्न थियो। संक्रमणकालीन गणतन्त्रको यही असुरक्षाको कारण स्वयंकर घोषणा गर्ने र राजस्व तिर्ने क्रम ह्वात्तै बढ्यो। यो अवधिमा केही हदसम्म बजार अनुशासित पनि देखिएको थियो।

माओवादी नेतृत्वको सरकार संक्रमणकालीन गणतन्त्रको व्यवस्थापनकै प्रसंगमा ढलेको थियो र त्यसको खास अभिव्यक्तिस्वरूप सेनाको लोकतान्त्रीकरण प्रक्रियाकै सन्दर्भमा विवादितसमेत बन्न पुगेको थियो। माकुने सरकार संक्रमणकालीन गणतन्त्रको अर्थराजनीतिक व्यवस्थापनलाई खुकुलो पार्ने र तीव्र गतिमा परिवर्तन भइरहेको अर्थराजनीतिक विशेषताहरूमा एलिटवर्गकै पकड पुनर्स्थापित गर्ने निरर्थक प्रयासस्वरूप गठन भएको थियो। समाजको अर्थराजनीतिक अन्डरकरेन्ट विपरीत जान खोजेकै हुनाले यतिबेला अर्थतन्त्र सुरेन्द्र पाण्डेको सुझबुझ र नियन्त्रणबाहिर पुगेको छ र आर्थिक संकटको दुश्चक्रमा फँसेको छ।

समाज क्रान्तिकारी प्रक्रियाबाट अघि बढ्दै छ। पुराना सम्बन्धहरू भत्कने र नयाँ बन्ने क्रम चलिरहेको छ। सम्पत्ति सम्बन्ध, सांस्कृतिक सम्बन्ध, सामाजिक अन्तरसम्बन्ध, व्यक्तिगत अन्तरसम्बन्ध इत्यादि समग्र सामाजिक पद्धतिगत अन्तरसम्बन्धहरू रूपान्तरण प्रक्रियामा छन् तर बृहत्तर क्रान्तिकारी प्रक्रिया जारी छ, त्यसको नेतृत्व तमाम क्रान्तिकारी प्रक्रियाप्रति दुराग्रह राख्ने र देशलाई पुरानै संसद्वादी चक्रमा घुमाउन चाहने राजनीतिक तर्कले गरिरहेको छ। क्रान्तिकारी विचारलाई व्यवहारमा उतार्न त्यही सक्षम हुन्छ जसले त्यस्तो विचारको विकास गरेको हुन्छ। यद्यपि समग्र क्रान्तिकारी प्रक्रियालाई अर्थराजनीतिक, सामाजिक एवं सांस्कृतिक आधारहरूले निर्देशित गर्ने हुनाले वर्तमान सरकारी गठबन्धन दिनानुदिन आर्थिक, राजनीतिक तथा सांगठनिक पतन मात्र उत्पादन गरिरहेको छ।

एमालेको दक्षिणपन्थी खेमा अन्ततः घोषणापत्रमार्फत जनतासमक्ष गरेको वाचाविपरीत संसदीय प्रणालीमै फर्कन खोजिरहेको छ। शासकीय स्वरूपको मुद्दामा एमालेको सबैभन्दा ठूलो अन्तरपार्टी ध्रुवीकरण देखिएको छ। कांग्रेसभित्रको प्रगतिशील तप्का पुरानो संसदीय प्रणालीको स्पष्ट विपक्षमा देखिएको छ भने सरकारी तप्का यथास्थितिवादकै दिवास्वप्न देख्दै छ। संविधानसभाको निर्वाचन पुरानै संसदीय पद्धतिअनुकूल संविधान बनाउन पक्कै भएको थिएन। संक्रमणकालीन गणतन्त्रको व्यवास्थापनको मूल राजनीतिक समस्याको यो भद्दा प्रस्तुति हो।

गणतन्त्र व्यवस्थपनको अर्को समस्या शान्ति प्रक्रियासँग जोडिएको छ। शान्ति प्रक्रियाअन्तर्गत सेना समायोजनको मुद्दा सबैभन्दा पेचिलो छ। सेना समायोजन द्वन्द्व व्यवस्थापनको समेत मूल कडी हो। तर सेना समायोजनको मुद्दालाई झुसिलो टिप्पणीको विषय बनाउनेहरू अझै नेपाली सेनाभित्र सामन्ती प्राविधिक दम्भ जन्माउन खोज्दै छन्। समाजमा लुकेर रहेका तमाम अन्तरविरोधहरू नै कुनै पनि विद्रोह वा क्रान्ति जन्माउने र हुर्काउने ऊर्जा हुन्छन्। ती अन्तरविरोधहरूलाई सरापेर होइन, व्यवस्थापन गरेर मात्र द्वन्द्व व्यवस्थापन गर्न सकिन्छ। जनसेना भनेको पार्टी विशेषको चाहनाले जन्माएको सेना होइन, नेपाली समाजको अन्तरविरोधले जन्माएको सेना हो। त्यसैले शान्ति प्रक्रियाको मूल कडी सेना समायोजन हो। यसको संवेदनशीलतालाई नजरअन्दाज गर्नेहरूले शान्तिपूर्ण समाजको कल्पना गरेका होलान् भन्न सकिन्न। गणतन्त्र व्यवस्थापनमा पुराना अनुहारका स्खलित नेतृत्व त्यसैले स्वयं समस्या बनेका छन्। जसरी अब मोबाइल फोन खारेज गर्न सकिन्न, उसैगरी गणतान्त्रिक अर्थराजनीतिक अन्तर्वस्तुसहितको हुर्कंदो नयाँ समाजलाई उल्टो फर्काउन सकिन्न। यत्ति बुझे गणतन्त्र व्यवस्थापन स्वतः सहज हुनजान्छ।

yugnew@gmail.com



दिनेश वाग्ले

# बिहार अब त्यस्तो छैन

गए साता काठमाडौंमा भारतीय राजदूतले त्यही गरे जो उनले गर्नुपर्ने हो- आथितेय मुलुकको आन्तरिक मामिलामा अनावश्यक चासो दिनुको साटो आफ्नो देशको प्रवर्द्धन गर्ने। 'केही मानिस नेपालको बिहारीकरण हुने कुरा गर्छन्,' २६ जनवरीका दिन भारतीय गणतन्त्र दिवस मनाउन आयोजित कार्यक्रममा राकेश सुदले भनेछन्- 'तर बिहारलाई हेर्नुहोस्, आर्थिक वृद्धि ११ प्रतिशत नाघेको छ।' भारतसँगको बढ्दो व्यापार घाटामा नेपाललाई दोष लगाउँदै राजदूतले उत्पादनै नगरे बजार काम नलाग्ने तर्क गरे। उनको विश्लेषण सही हुनसक्छ। तर 'बिहारी शैलीको गणतन्त्र चाहिँदैन' भन्दै कराउने पुष्पकमल दाहाल र उनको माओवादी ग्याङले त्यसलाई कसरी लिए होलान् ?

माओवादी मात्र के कुरा ? दक्षिण एसियामा धेरैले बिहार भन्नासाथ कानुन नभएको, गरिब र अविकसित बुझ्छन्। नेपालको कुरै छाडौं, भारतमै पनि बिहारी शब्दले बेइज्जती र खसाउने अर्थ दिएको मैले देखेको छु। बितेको वर्षमा मैले भारतमा थुप्रै बिहारीहरू भेट्टाए जसमध्ये केही अपवाद बाहेकले आफूलाई बिहारी भनी चिनाउन हिच्किचाए। उनीहरू खराब या कम क्षमतावान थिएनन्। केही त प्रखर, मित्रवत र सुसूचित थिए। समस्या खासमा बिहारको छविसँग थियो, जो त्यहाँ सन् २००४ सम्म शासन गर्ने राजनीतिज्ञहरूले बनाएका थिए। त्यसयता बिहारमा नितिषकुमार मुख्य मन्त्री भएका छन् र खियालागेको त्यो छवि विस्तारै सुधारिँदै छ।

सुदले गौरवसाथ उल्लेख गरेको ११ प्रतिशतको वृद्धिलाई भारतमै राम्रोसँग सुसूचित आर्थिक स्तम्भकारहरूले शंकाले हेरेका छन् तर एउटा कुरा पक्का हो- बिहारले प्रगति गरिरहेको छ। 'मैले महसुस गरेको सबैभन्दा ठूलो परिवर्तन सुरक्षामा आएको सुधार हो,' कतिपयले भनेका छन्। 'इकोनोमिक टाइम्ससमा' हालै प्रकाशित एउटा टिप्पणीले बिहारमा अपहरणका संख्या घटेको उल्लेख गर्दै अपहरणकारी र जबर्जस्ती पैसा असुल्नेहरूको डर अचेल हराएको उल्लेख गरेको छ। बितेका चार वर्षमा जम्मा ३ सय १७ अपहरणका घटना दर्ता भए जबकि त्यो भन्दा अघिका चार वर्षमा एक हजार तीन सय ९३ वटा भएका थिए।

द्रुत न्यायिक प्रक्रियाले २००६ देखि सेप्टेम्बर २००९ सम्ममा ३८ हजार ८ सय २४ ले सजाय पाएका छन् जसमा मोहम्मद शहाबुद्धिन लगायतका राजनीतिक सम्पर्क भएका डन र उनीहरूका सहयोगी पनि छन्। राष्ट्रिय जनता दलका पूर्व सासद शहाबुद्धिनले कुनै जमानामा आफूलाई पक्रन राज्यका प्रहरी प्रमुखलाई टिभीबाटै चुनौती दिएका थिए। अचेल बिहारी सडकहरूमा बन्दुकधारी डनले होइन प्रहरीले पेट्रोल गर्छन्। के त्यो अग्रगमनको महान् फड्को होइन, विशेष गरी हाम्रो दृष्टिकोणबाट ? दाहाल र उनका डनहरूले अर्कोपटक 'बिहारीशैलीको गणतन्त्र' बारे टिप्पणी गर्दा बिहारको पछिल्लो अवस्थाबारे सूचना लिन नबिर्सिऊन् भन्ने मेरो चाहना हो। सरकारको नेतृत्व गर्दा सेनापतिलाई हटाउन खोज्नु बाहेक माओवादीले कुनै राजमार्गको उद्घाटनसम्म गरे ? नेपालमा माओवादी खुला राजनीतिमा आएका गत चार वर्षमा बिहारमा ६ हजार ८ सय किलोमिटर सडक र १६ सय पुल/कल्भर्ट बने।

माओवादीले नेपालमा गुन्डागर्दी राजनीतिलाई निरन्तरता दिने हो भने एकदिन मानिसहरूले 'नेपालीशैलीको क्रान्ति चाहिँदैन' भन्न थाल्नेछन्। त्यो दिन नेपालीहरूले आफैंसँग लजाउनुपर्ने छ। भारतमा बस्ने गरिब नेपालीहरूका लागि माओवादीहरूले अहिल्यै समस्या सिर्जना गराइदिएका छन्। हाम्रो आन्तरिक मामिलामा हस्तक्षेप नगर्न भारतीयहरूलाई भन्नु ठीक हो तर कुनै पनि मुलुकको झन्डाको सार्वजनिकरूपमा अपमान गर्नु अन्तर्राष्ट्रिय सम्बन्धमा सुहाउँदो कुरा होइन। त्यो शुद्ध मूर्खता हो। माओवादीहरूलाई देशको राष्ट्रिय झन्डाको महत्त्व थाहा नहुन सक्छ तर विश्वभरका होस भएका मानिसका लागि त्यो राष्ट्रिय संकेतले गम्भीर महत्त्व राख्छ। माओवादीहरूले भारतीय झन्डाको, त्यो पनि भारतीय गणतन्त्र दिवसका दिन, बेइज्जत गरिदिँदा थुप्रै भारतीयहरू रिसाएका छन्। माओवादीको त्यो कामको बदला लिनेजस्तो घटनामा सीमामा कतिपय नेपालीहरूलाई भारतीय सुरक्षाकर्मीले दुःख दिएका रिपोर्टहरू आउन थालिसकेका छन्।

बिहारको पुनर्जागरणमा भारतीय केन्द्रीय सरकारले उपलब्ध गराएको पैसाले महत्त्वपूर्ण भूमिका खेलेको छ तर यसको सफलताको कथाले के भन्छ भने नेपाली राजनीतिक नेतृत्वले सानाभन्दा साना कुरामा सडक तताउन छाडेर विकास निर्माणमा ध्यान केन्द्रित गर्न प्रेरित गर्छ। यसो भएमा नेपाललाई पनि प्रगति गर्ने केही वर्ष मात्र लाग्ने छ, केही दशक होइन। पैसाको त समस्यै होइन। हाम्रो समस्या त हाम्रा राजनीतिक नेताहरू इगोपूर्ण सडक संघर्षमा सधैं व्यस्त भइरहनु हो, उनीहरूका लागि एउटा सिपाहीलाई जागिरबाट निकाल्नु सडक बनाउनु भन्दा ठूलो कुरा हुन्छ। अनि सुदहरूले दाह्री मुसार्दै खुच्चिङ नगरे कसले गर्छन् ?

अघिल्लो साता जयपुर साहित्य महोत्सवमा भाग लिन राजस्थानी राजधानी पुगेको थिएँ। 'हिन्दु' दैनिकका भारतीय पत्रकार सिद्धार्थ बरदराजनले मध्यस्थता गरेको उल्लिखित सत्रमा सहभागीहरूले दक्षिण एसियाली समस्याबारे विश्लेषण गरे। नेपालको प्रतिनिधित्व थिएन तर छलफलमा उम्दा निस्केकी पाकिस्तानी मानव अधिकार कार्यकर्ता आश्मा जाहागिरले नेपालको प्रसंग उल्लेख गरिन्। अर्का सहभागी श्याम शरणले अप्ठ्यारो मान्दै हास्नुपर्ने गरी जहागिरले भनिन्- '२००६ को जनआन्दोलन-२ मा तानाशाही राजालाई समर्थन गरिरहेको भारतले तबमात्र ठाउँ बदल्यो जब (उसले सडकमा स्थिति अर्को भएको देख्यो।)' नेपालमा शाही शासन हुँदाताका भारतका विदेश सचिव र त्यसअघि नेपालका लागि राजदूत शरणले भारतका सबै निर्णयहरू सही नहुने स्पष्टोक्ति दिए।

भारतीयहरूको समस्या के भने उनीहरू यो क्षेत्रका सबै समस्याका लागि छिमेकीलाई दोष दिन्छन् र त्यसमा आफ्नो योगदान तथा आफ्नै देशभित्र मणिपुर र आसामदेखि कश्मीर र तेलंगानासम्मका समस्या भुसुक्कै बिर्सिन्छन्। थुप्रै अरू भारतीयझैं त्यो सत्रमा शरण र सिद्धार्थ यसरी प्रस्तुत भए मानौं भारतभन्दा शान्त मुलुक संसारमै कहीँ छैन र पाकिस्तान, नेपाल, श्रीलंका र बंगालदेशमै मात्र कल्पनै गर्न नसकिने समस्या छन्। भारतबाहेकका सहभागीको कुरा सुन्दा लाग्यो, भारतप्रति उसका छिमेकीहरूको गुनासो प्रायः उस्तै छ।

delhi@wagle.com.np

# 'उद्धार गर्दैमा समय बित्छ' | 'अव्यवस्थित कामदार पठाउन रोक्नुपर्‍यो'

खाडीका दुई मुलुक साउदी अरेबिया र कुवेत नेपाली कामदारका लागि महत्वपूर्ण गन्तव्य हुन्। साउदीमा झन्डै पाँच लाख र कुवेतमा ४० हजार कामदार छन्। ती मध्ये ८० प्रतिशत महिला छन्। साउदीमा गैरकानुनी कामदार र घरेलु महिला कामदारको ठूलो समस्या छ। कुवेतमा भने महिला कामदारको विकराल समस्या छ। कुवेतमा दूतावास खोल्न भर्खरै मात्र राजदूत पुगेका छन्। नेपाली कामदारका अवस्थाका विषयमा दुई मुलुकका राजदूतसँग ***होम कार्की***ले इमेलमार्फत गेरेको अन्तर्वार्ताको संक्षेप :



**हमिद अन्सारी,** *राजदूत साउदी अरेबिया*

***साउदी अरेबियामा नेपाली कामदारको अवस्था के छ ?***

नेपाली कामदार पाँच लाख पुगेको अनुमान छ। कृषि, निर्माण क्षेत्र, पेट्रोलपम्प, डाइभिङ, होटल, सुपरमार्केट र सुरक्षामा काम गर्छन्। भारतीय विमानस्थलको प्रयोग गैरकानुनी रूपमा घरेलु काम आएका महिलाहरू करिब ३५ हजार छन्। जसमध्ये धेरै बिचल्ली हुन्छन्। धेरैजसो कामदार लगनशील भएको यहाँका सरकारी पदाधिकारी, व्यापारी र सरोकारवाला भन्छन्। तर करिब १० प्रतिशत कामदार कम्पनीबाट भागेर अन्यत्र काम गरिरहेका छन्। त्यस्ता कामदार बिरामी र दुर्घटना हुँदा औषधोपचार गर्न, घर पठाउन निकै समस्या छ। यहाँ न्यूनतम तलब तीन सय साउदी रियाल भए पनि दूतावासले सा.रि. ६ सय, खानामा थप २ सय, बिमा, आवास भएपछि मात्रै मागपत्रमा स्वीकृति दिने गरेको छ। साउदी अरब र खाडी मुलुकमा जहाँ सस्तो र राम्रो कामदार पाइन्छ त्यहाँबाट कामदार ल्याउने परम्परा छ। विगत तथा वर्तमानमा यहाँ कार्यरत नेपाली कामदारले आफ्नो परिश्रम, लगनशीलता र सोझोपनाको दृष्टान्त रहेकाले साउदी अरब र अन्य खाडी देशमा माग बढ्दै गएको पाइएको छ। यो माग आगामी ५०/६० वर्षसम्म रहने विभिन्न अनुसन्धान र प्रक्षेपणले देखाएका छन्।

***दूतावासले समयमा काम नगरिदिएकाले थप पीडित हुनुपरेको कामदारहरूको गुनासो हुनेगर्छ। किन दूतावासलाई प्रभावकारी बनाउन सक्नु भएन ?***

आफ्नो स्रोत र साधनले भ्याएसम्म राजदूतावासका स्थानीय कर्मचारी र पदाधिकारी दिनहुँ १८ घन्टासम्म नेपालीको समस्या समाधान गर्न केन्द्रित छौं। बहराइन, ओमन, जोर्डन, सुडान, यमन र साउदी अरेबियाका विभिन्न क्षेत्रमा कार्यरत करिब ५ देखि ६ लाख नेपालीलाई राजदूतसहित ५ कूटनीतिक अधिकृत एक श्रम सहचारीले हेर्नुपर्छ। ९० प्रतिशत काम पीडित अवस्थाबाट उद्धार गरी औषधोपचार गराई स्वदेश पठाउनै ठीक हुन्छ। त्यसबाहेक मन्त्री, नेतागणको भ्रमण आयोजना/तयारी, हजको व्यवस्थापन, आर्थिक कूटनीति र दैनिक कन्सुलर सेवासम्बन्धी कार्य भ्याउनुपर्छ।

***घरेलु कामदारको समस्या बढ्दै जानुका कारणचाहिँ के हुन् ?***

नेपाल सरकारले बनाएको 'घरेलु कामदारसम्बन्धी विदेश नीति' त्रुटिपूर्ण छ। दूतावासले सिफरिस गरेबमोजिम सुव्यवस्थित र नेपालबाट सोझै कानुनी प्रक्रिया पूरा गरी पठाउने नीति अवलम्बन गर्नुपर्छ। दलालको बहकावमा परेर खाडी मुलुकमा आउनेलाई निरुसाहित गर्नुपर्छ। खाडी मुलुक जान महिलालाई रोजगारीका लागि आकर्षित गर्ने होर्डिङबोर्ड तुरुन्त हटाउनुपर्छ। राजदूतावासले प्रमाणित गराएको मागपत्रको आधारमा मात्रै नेपालबाट कामदार पठाउने, स्वीकृति दिने र कानुनी प्रक्रियाबाट महिला कामदार पठाउने व्यवस्था लागू गराउनुपर्छ।

***भगुवा कामदारका बारेमा दूतावासले के गरिरहेको छ ?***

भगुवा कामदार दिनप्रतिदिन बढिरहेको छ। यस्तो प्रवृत्तिप्रति हामी सुक्ष्म रूपले ध्यान दिइरहेका छौं। भाग्ने कामदारहरू अधिकांशतः लेबरमा आएका छन्। नेपालमा एक किसिमको तलब र सुविधा दिने सर्तमा सम्झौतापत्रमा हस्ताक्षर गराउने र यहाँ आएपछि सम्झौताअनुसारको तलब र सुविधा नपाएपछि उनीहरू भाग्छन्। केही त राम्रै तलब र सुविधा पाइरहे तापनि साथीको बहकावमा लागेर त्यसभन्दा बढी कमाउने सपना बुनेर भाग्छन्। उनीहरूले केहीले राम्रै आम्दानी गर्छन् केहीले अत्यन्त दुःख र कष्ट झेल्न बाध्य छन्। भागेका जति सबैलाई पुलिसको डिपोर्टेसन सेन्टरमा नपुगी स्वदेश फर्कन सक्दैनन्। भाग्नेको समस्या समाधानको पहल नेपालबाटै हुनुपर्छ। वैदेशिक रोजगार विभागले दूतावासले प्रमाणित गरेका कागजातका आधारमा मात्रै श्रम स्वीकृति दिने व्यवस्था लागू नगरेसम्म यो समस्या समाधान नहुने निश्चित छ। अहिलेको ऐनले दूतावास र श्रमसहचारीलाई मागपत्र प्रमाणित गर्ने अधिकार दिइएको छैन। यसलाई नसच्याएसम्म भगुवाको समस्या ज्यूँका त्यूँ रहनेछ।

अर्कोतर्फ सयौंका संख्यामा सेन्टरमा रहेका नेपालीको अवस्था दयनीय छ। उनीहरूलाई केहीलाई पुलिसले पक्रिएको र केहीले आफै पक्राएका छन्। रियाद पुलिसले छानबिन गरी घर फर्कन सफाइ दिएकालाई हामीले ४८ घन्टाभित्र ट्राभल डकुमेन्ट जारी गरिदिन्छौं। यो जारी गर्न दमाम र जेद्धाकालाई ७ र १५ लाग्छ। अहिले भागेका नेपालीका राहदानी मासिक ८ सय प्राप्त हुन्छ भने सेन्टरमा रहेका ६ सयजनालाई घर फिर्तीका लागि ट्राभल डकुमेन्ट बनाइदिने गरेको छौं। तर नेपालीहरू सेन्टरमा छिरेको भोलिपल्ट नै दूतावासले ट्राभल डकुमेन्ट उपलब्ध गराउने हो भने पनि प्रहरीले अनुसन्धान गरी सफाइ दिन १५ दिनदेखि ३ महिनासम्म लगाउने गर्छ। नेपालीले आफ्नो स्पोन्सरका बारेमा वा आफूले गरेका अपराधका बारेमा साँचो सत्यतथ्य नखुलाइदिँदा पुलिसले छानबिन प्रक्रियालाई लम्ब्याउँछ। अरू देशका नागरिकको तुलनामा ती सेन्टरमा नेपाली बढी रहेकाले ३ महिनासम्म बस्नुपर्छ। यथार्थमा घर फिर्ती प्रक्रिया छिटो बनाउन दूतावासको नभई पुलिस र सम्बन्धित नेपालीकै ठूलो हात हुन्छ।

***कामदारको सुरक्षाको लागि कस्ता कार्यक्रम बनाएर लागु गर्ने सोच्नुभएको छ ?***

कामदारको सुरक्षा भन्ने विक्तिकै कस्तो कामदार भनेर प्रस्ट हुनुपर्छ। कम्पनीमा कार्यरत, भागेको वा डिपोर्टेसन सेन्टरमा रहेको। पहिलो र दोस्रो प्रकारका कामदारका विषयमा हाम्रो पहुँच पुग्दैन। ती कामदारको सुरक्षाको जिम्मेवारी सम्बन्धित कम्पनीको हुन्छ। दोस्रो किसिमका कामदारको सुरक्षाको जिम्मा उनीहरू स्वयंमा हुनुपर्छ। सेन्टरमा रहेका तेस्रो किसिमका कामदारको अवस्था बुझ्न समयसमयमा ती सेन्टरहरूमा भ्रमण गरिरहन्छौं। अशक्त र बिरामी परेका कामदारहरूको उपचारको व्यवस्था मिलाउन अनुरोध गर्ने गरिएको छ र जतिसक्दो चाँडो छानबिन प्रक्रिया टुँगोमा पुर्‍याई स्वदेश पठाइने गरिएको छ। सेन्टरमा पुग्न नसक्ने घाइते/अशक्त र नाजुक स्वास्थ्य अवस्था भएका भागेका कामदारलाई दूतावासले नै निजी अस्पतालमा भर्ना गराई उपचारपश्चात् विमानमा यात्रा गर्न उपयुक्त अवस्थाको भएपछि आवश्यक कानुनी प्रक्रिया पुर्‍याई खर्च बेहोरेर स्वदेश पठाइने गरिएको छ। प्रतिमहिना सरदर ३० घरेलु कामदारलाई उद्धार गर्नमा दूतावासको अधिकांश समय खर्चिन्छ। हरेक वर्ष विभिन्न कारणले मृत्यु भएका २ सय नेपालीको सम्बन्धमा छानबिन गरी क्षतिपूर्ति तथा बिमा र ब्लडमनी भुक्तानीको ग्यारेन्टी गरेर शव पठाउने वा यतै दफनाउन नो अब्जेकस सर्टिफिकेट जारी गर्ने कार्य अति संवेदनशील र चुनौतीपूर्ण बन्दै आएको छ।

कान्तिपुर कुराकानी



**मधुवन पौडेल,** *राजदूत कुवेत*

***तपाईं भर्खरै मात्रै दूतावास खोल्न कुवेत पुग्नुभएको छ, नेपाली कामदारको हितमा कस्ता योजना अगाडि सार्नुभएको छ ?***

यहाँजस्तो अव्यवस्थित र अनियन्त्रित किसिमले नेपाली कामदार कुनै पनि देशमा गएको जस्तो लाग्दैन। सरकारको नियम, कानुन नाघेर, मिचेर यहाँ दलालका पछि लागेर आउनेको संख्या धेरै छ। दूतावासबाट त्यसलाई व्यवस्थित गर्ने प्रयास हुनेछ। यसको निमित्त नेपाल सरकारद्वारा कामदारलाई जागरुक बनाउनु आवश्यक छ। यहाँ के काम गर्ने, कति तलब पाउने, के के अरू सुविधा छन् भन्ने कुरामा कम चासो राख्ने र लहलहैमा घरबाट भागेर आउने पनि छन्। धेरैलाई एउटा काम भनेर झुक्याई अर्को काममा लगाइएको पनि छ। जब हाम्रो देशमा सरकारी संयन्त्र छ, सरकारद्वारा इजाजत लिएर बसेका म्यानपावर कम्पनी छन् भने किन दलालको पछि लागेर चोरी बाटोबाट आउने ? यसबारे सरकारले कामदारलाई सञ्चारमाध्यमद्वारा नेपालमा नै जानकारी दिनुपर्छ। मैले सुरुदेखि नै दूतावासले लागू गर्ने एउटा खाका तयार गरेको छु। जसअनुसार नेपाली कामदार ल्याउने कुनै व्यक्ति वा कम्पनीले पहिले दूतावासलाई जानकारी दिने र सहमति लिने। नेपालमा श्रम स्वीकृति लिने र त्यसपछि कामदार आउनासाथ कामदारका कागजातहरूको १-१ प्रतिलिपि उपलब्ध गराई दूतावासले तोकिएको संस्थाबाट कामदारको बिमा गराउनुपर्नेछ। भारतबाट आउने कामदारको निमित्त पनि यस्तो व्यवस्था गरिएको छ। यसका लागि व्यक्तिगत र कम्पनीमार्फत आवेदन गर्ने बेग्लै ढाँचाको फर्म हुनेछ। एजेन्सीले व्यक्ति अर्थात् स्पोन्सरको तर्फबाट ल्याउन चाहेको हो भने उसले दुवै विवरण पेस गनुपर्नेछ। सुरुमा केही कठिनाइ र झन्झट परे पनि यसले कामदारको विषयमा जानकारी राख्न मद्दत गर्नेछ। कुनै पनि बेला केही समस्या परेमा हामीलाई सम्पर्क गर्न अथवा उद्धार गर्नुपर्ने रहेछ भने त्यसमा मद्दत पुग्नेछ।

***नेपाली कामदारको समस्या कस्तो देखिरहनुभएको छ ?***

यहाँको समस्या राम्रोसँग बुझेको छैन। दूतावास पनि खुलिसकेको छैन, केही स्थानीय प्रक्रिया पूरा गर्न बाँकी छ। तर समग्र रूपमा नेपाली कामदारप्रति यहाँ राम्रो धारणा छ। तैपनि यहाँ बसोबास गरिरहेका नेपाली समुदाय भेट गर्दा, कुरा सुन्दा समस्या निकै ठूलोजस्तो लाग्छ। यी समस्या सजिलै हल गर्न सम्भव छैन। यहाँको कानुनअनुसार चल्नुपर्छ। यसो हेर्दा खासगरी श्रमसम्बन्धी कानुनी परिधिबाहिरका घरेलु कामदारका समस्या बढी विकराल देखिन्छन्। काम गर्ने घरबाट भाग्ने भगाउने क्रम यहाँ निरन्तर रहेछ। यहाँको सरकारलाई पनि यसबारे ज्ञान छ। त्यसरी भागी गैरकानुनी भएर बस्नेलाई समयसमयमा आममाफी हुने रहेछ। यो वर्ष अहिलेसम्म त्यस्तो भएको छैन। तर गएकोपल्ट आममाफी पाउँदा डकुमेन्ट लिएर बस्ने, तर नजाने छन् भन्ने सुन्छु। त्यस्तो हो भने अर्कोपल्टको निमित्त कागजात उपलब्ध गराउन गाह्रो पर्छ। अरू समस्यामा तलब स्केल न्यून, जसको कारण अशिक्षा र अव्यवस्थित रूपमा आउनु पनि हो। लामो समयसम्म काम गर्नुपर्ने पनि छन्। नेपालीहरू अरबी भाषा बुझ्दैनन। न त यहाँको रहन सहनसँग अभ्यस्त छन्। आफ्नो कागजपत्र राम्ररी सुरक्षित रहनुपर्छ भन्ने थाहा छैन। कसैसँग पूरा कागजात पनि हुन्नन्।

***कुबेत घरेलु महिला कामदारका समस्या बढी देखिने मुलुक हो, हाल महिला कामदारलाई कस्ता समस्या बढी देखिन्छन् ?***

घरेलु महिला कामदारको समस्या ठूलो छ। कसैसँग पूरा कागजात हुन्नन्। नगण्य कामदार मात्रै नेपालबाट सरकारी स्वीकृति लिएर आएका छन्। घरेलु कामदारहरू कति छन्, कहाँ छन्, कस्तो अवस्थामा छन् जान्ने संयन्त्र छैन। उनीहरू श्रम कानुनअन्तर्गत पर्दैनन्। मलाई भगाएर लग्यो, बलात्कार गर्‍यो, पेट बोकायो भन्ने पनि छन्। यदि सरकारसँग स्वीकृति लिएर आएको भए यहाँ कुन एजेन्टले ल्याएको भन्ने रेकर्ड हुन्थ्यो, त्यो पनि छैन। यस किसिमको अवस्थामा आममाफी कुरेर अवैध रूपमा बसेकालाई फर्काउन प्रयास गर्ने अथवा कागजातसहित आउनेलाई यहाँको सरकारी निकाय गुहारेर फिर्ता पठाउने कारबाहीको प्रक्रिया अघि बढाउनेबाहेक अरू उपाय छैन। केही कामदार बिनाकारण पनि भाग्छन् भन्ने सुनेको छु। एकजना इरानी मूलकी एकल महिलाले राखेको नेपाली महिला तीन दिनपछि केही पनि नभनी भागेकी कुरा गर्थिन्।

***धेरै महिलाका बच्चा र गर्भवती भएको खबर पनि सुनिन्छ नि ?***

दूतावासले के गर्ने ? यो आफैं जे पनि गर्न सक्ने निकाय होइन। तर नेपाल सरकारको निर्देशन र कुवेती सरकारको कानुनी प्रक्रिया पूरा गरी केही मद्दत गर्न सकिएला। यस्ता महिलाले फर्कन इच्छा गरे भने आफूलाई पहिले प्रहरीको जिम्मा लगाउनुपर्छ, त्यसपछि दूतावाससँग त्यो निकायले कागजात तयार गर्न अनुरोध गर्छ। यस्तो प्रक्रिया छ यहाँ। दूतावास खुलेपछि त्यस प्रकारको समस्याबारे जानकारी लिई नेपाल र कुवेत सरकार दुवैलाई जानकारी दिइनेछ र समाधानको उपाय पत्ता लगाउन प्रयास गरिनेछ।

***कुवेती अधिकारीहरूले अव्यवस्थित रूपमा कामदार पठाइरहेमा रोक लगाउने चेतावनी दिएका सन्दर्भमा के सोच्नुभएको छ ?***

कुनै चेतावनी दिएको छैन। उनीहरूको भनाइ हाम्रो देशबाट कानुनी प्रक्रिया पूरा गरी पठाउनुपर्ने भन्ने मात्र हो। बेलाबेलामा फोटो फेरिएका, केटीको नाम अगाडि मि. लेखिएका, उमेर सच्याइएका र अरू धेरै किसिमका अनियमितता भएको देख्दा उनीहरू आश्चर्य मान्छन्। कसैलाई विमानस्थलबाटै फर्काइदिने पनि गर्छन्। यस्तो प्रवृत्ति बढ्दै गएमा हामीलाई गाह्रो पर्ला। हाम्रो हेलचक्र्याइँ र अव्यवस्था बढ्दै गएको यस अवस्थामा रोक नलाग्ला भन्न सकिन्न।

नेपाली कामदारहरू आउने, पठाउने हो भने नियम, कानुन र प्रक्रिया पुर्‍याउन नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति र दूतावासको जानकारी पछि आउन पठाउने व्यवस्था हुनुपर्‍यो। तेस्रो मुलुकमा लगेर सरकारको जानकारीबिना अनियमित रूपमा आउने र पठाउने काम जसरी भए पनि तुरुन्तै बन्द गर्नुपर्‍यो। यसो नभए समस्या झन्-झन् विकाराल हुँदै जान्छ। केही वर्षअघि एउटा छिमेकी मुलुकबाट आएका कामदारको जस्तो समस्या नेपाली कामदारले भोग्नु नपरोस्।